रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सी.पी, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

पत्र संख्याः – २०८२/०८३ चलानी नः- मितिः - २०८३/०३/०१

घरभाडामा लिने सम्बन्धी सार्वजनिक सूचना ।
(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/०१ गते)

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/०९/११ गतेको निर्णय अनुसार रास्कोट नगरपालिकामा इलाका प्रशासन कार्यालय स्थापना भई सञ्चालनमा आएपश्चात् रास्कोट नगरपालिका क्षेत्रभित्र शान्ति सुरक्षा, अमनचयन, कानूनको प्रभावकारी कार्यान्वयन, अपराध नियन्त्रण तथा अनुसन्धान, सार्वजनिक सुरक्षा अभिवृद्धि तथा नागरिकलाई सहज, सुलभ र प्रभावकारी प्रहरी सेवा प्रवाह गर्ने उद्देश्यले इलाका प्रहरी कार्यालय स्युना, रास्कोट, कालिकोट स्थापना भएको हुँदा उक्त कार्यालयमा कार्यरत प्रहरी कर्मचारी तथा सुरक्षाकर्मीहरूको आवास प्रयोजनका लागि केही समयका लागि उपयुक्त भवन घरभाडामा लिनुपर्ने भएकोले देहाय बमोजिमका मापदण्ड तथा शर्तहरू पूरा गर्ने घरधनी/संस्थाहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आवश्यक कागजातसहित प्रस्ताव पेश गर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**(क) भवन सम्बन्धी आवश्यक मापदण्ड**

१. भवन हाल सञ्चालनमा रहेको प्रहरी चौकीको आसपास वा मुख्य सडकसँग सहज पहुँच हुने पायक पर्ने स्थानमा अवस्थित हुनुपर्नेछ।
२. भवन आर.सी.सी. (RCC) पिलर प्रणालीबाट निर्माण गरिएको सुरक्षित तथा बसोबासयोग्य संरचना हुनुपर्नेछ।
३. भवनमा कम्तीमा ४ (चार) वटा कोठा र १ (एक) वटा हल उपलब्ध हुनुपर्नेछ।
४. प्रत्येक कोठा बसोबासका लागि उपयुक्त र पर्याप्त क्षेत्रफल भएको हुनुपर्नेछ।
५. भवनमा पर्याप्त खानेपानी, शौचालय तथा विद्युत् सुविधा उपलब्ध हुनुपर्नेछ।
६. भवनमा सवारी साधन पार्किङ तथा आवतजावत गर्न सहज हुने व्यवस्था हुनुपर्नेछ।
७. भवन सुरक्षित, सफा तथा आवासीय प्रयोजनका लागि उपयुक्त हुनुपर्नेछ।
८. भवनमा पर्याप्त प्रकाश तथा हावा आवतजावत हुने व्यवस्था हुनुपर्नेछ।
९. भवन वरिपरि सुरक्षित खुला स्थान भएको हुनुपर्नेछ।

**(ख) पेश गर्नुपर्ने कागजातहरू**

१. घरधनी/संस्थाको निवेदन पत्र।
२. घरजग्गाको लालपुर्जाको प्रतिलिपि।
३. घरधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
४. भवनको हालसालै खिचिएको फोटो तथा संक्षिप्त विवरण।
५. भवनको नक्सापास प्रमाणपत्र ।
६. कोठा संख्या तथा उपलब्ध सुविधाहरूको विवरण।
७. प्रस्तावित घरभाडा दर खुलाइएको प्रस्ताव पत्र।
८. भवनमा कुनै कानुनी विवाद वा रोक्का नभएको स्वघोषणा पत्र।

शाखा अधिकृत

**(ग) छनोट प्रक्रिया**

१. प्राप्त प्रस्तावहरूको प्रारम्भिक मूल्याङ्कन रास्कोट नगरपालिकाबाट गरिनेछ।
२. आवश्यक परेमा प्राविधिक टोलीबाट स्थलगत निरीक्षण गरिनेछ।
३. उपयुक्त ठहरिएको भवनसँग भाडा सम्झौता गरिनेछ।
४. भाडादर सम्बन्धी आपसी छलफल तथा समायोजन गर्न सकिनेछ।
५. उपयुक्त नभएका प्रस्ताव अस्वीकार गर्ने अधिकार नगरपालिकामा सुरक्षित रहनेछ।

**(घ) अन्य शर्तहरू**

१. भवनमा कुनै कानुनी विवाद, रोक्का वा अन्य बाधा-अड्चन नभएको हुनुपर्नेछ।
२. भवन कम्तीमा १ वर्ष वा आपसी सहमतिअनुसार उपलब्ध गराउन सकिने हुनुपर्नेछ।
३. भवनको संरचनात्मक सुरक्षा तथा मर्मतसम्भार गर्ने जिम्मेवारी घरधनीको हुनेछ।
४. भवन प्रयोगका क्रममा आवश्यक सामान्य आन्तरिक व्यवस्थापन नगरपालिकाले गर्न सक्नेछ।
५. पानी, शौचालय, विद्युत् तथा आधारभूत सेवाहरू निरन्तर उपलब्ध हुनुपर्नेछ।
६. घरजग्गा कर तथा अन्य कानुनी दायित्व घरधनीकै हुनेछ।
७. भवन प्रयोगको क्रममा हुने सामान्य क्षति बाहेक अन्य क्षतिको व्यवस्था सम्झौतापत्र अनुसार हुनेछ।
८. आवश्यक ठानेमा नगरपालिकाले भवनको पुनः निरीक्षण गर्न सक्नेछ।
९. अन्य विषयहरू प्रचलित कानून तथा सम्झौतापत्र अनुसार लागू हुनेछन्।
१०. नगरपालिकाले सूचना संशोधन, थप शर्त राख्न वा रद्द गर्न सक्नेछ।
११. घरभाडा प्रचलित कानुन तथा जिल्ला दररेट अनुसार उपलब्ध गराइनेछ र भुक्तानी गर्दा १०% घरबहाल कर कट्टी गरिनेछ।

**(ङ) प्रस्ताव पेश गर्ने स्थान**

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सी.पी, कालिकोट
सम्पर्क नम्वरः ९८६८३०३००० (सुचना अधिकारी)

**(च) प्रस्ताव पेश गर्ने अवधि**

यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयभित्र।

........................
(श्रृजना अधिकारी)
शाखा अधिकृत

श्रृजना अधिकारी
शाखा अधिकृत